# जैविक विविधताको लागि खेती-किसानी (Farming for Biodiversity)

## स्थानीय समाधानहरूलाई विश्वव्यापी नीतिहरू भित्र पुर्‍याउने

अन्तिम प्रतिवेदन



rare

IFOAM ORGANICS INTERNATIONAL

Convention on Biological Diversity

Supported by:

Federal Ministry for the Environment, Nature Conservation and Nuclear Safety

based on a decision of the German Bundestag

फोटो क्रेडिट: दुर्लभको लागि जेसन हस्टन

# लेखकहरू

भेलेरी ग्विन्नर (Valerie Gwinner), केट मेन्नले (Kate Mannle), फ्रेडेरिक स्टाप्के (Frederik Stapke)

# उद्धरण

Gwinner, V. & Mannle, K., & Stapke, F., 2021. *Farming for Biodiversity: Feeding Local Solutions into Global Policy.* Final Report. Berlin, Germany: Rare.

**अनलाइनमा निम्न मार्फत उपलब्ध:** rare.org/report/farming-for-biodiversity/

# आभार

यो प्रतिवेदन २०१८ समाधान खोजी ( 2018 Solution Search) प्रतियोगिताको नौं अन्तिम चरणमा पुगेका संस्थाहरूका काममा आधारित रहेको छ, जुन एक अझ वृहत कार्यक्रम जैविक विविधताको लागि खेती-किसानी (Farming for Biodiversity)को हिस्साको रुपमा रहेको छ। यस परियोजना अन्तर्राष्ट्रिय जलवायु पहल (International Climate Initiative – IKI)को एउटा हिस्सा हो। वातावरण, प्रकृति संरक्षण तथा आणविक सुरक्षा सम्बन्धी संघीय मन्त्रालय (Federal Ministry for the Environment, Nature Conservation and Nuclear Safety -BMU)ले जर्मनीको व्यवस्थापिका संसद (Bundestag)ले अङ्गीकार गरेको एक निर्णय बमोजिम यस पहललाई समर्थन गर्दछ। हामी समाधान खोजी प्रतियोगिता मार्फत आफ्नो समाधानहरू बाँड्ने ती सयौं व्यक्ति तथा संस्थाहरू, संरक्षणको लागि अभियान (Campaigning for Conservation) कार्यशालाहरू आयोजना गर्ने अन्तिम चरणमा पुगेका संस्थाहरू, कार्यशालाहरूमा सहभागी २२७ व्यक्तिहरू र विशेषगरी ती व्यक्तिहरू जसले यस प्रतिवेदनमा उल्लेख गरिएका ३८ अभियानहरू सञ्चालन गरी विश्वव्यापी रुपमा समुदायहरू भित्र परिवर्तन गर्न प्रेरित गर्ने कार्य गर्नु भयो, उहाँहरू सबै प्रति आभारी रहेका छौं।

यस परियोजनाको सहक्रियाशीलतापूर्ण असरहरू हामीले यस परियोजनाको दृश्यता बनाउनको लागि सँगै काम गरेका डुएचे वेले (Deutche Welle) तथा ती २७ भन्दा बढी मिडिया संस्थाहरू, समाधानहरूलाई आयोजना गर्ने PANORAMA, तथा आफ्ना सञ्जालहरु भित्र समर्थन तथा प्रवर्द्धन गर्नु हुने कृषि विकासको लागि युवा व्यवसायी (Young Professionals for Agricultural Development – YPARD), विश्वव्यापी परिदृश्य फोरम (Global Landscapes Forum – GLF), तथा खाद्य तथा कृषि संस्था (Food and Agriculture Organization - FAO) बिना सम्भव हुँदैन थियो।

ती नौं कार्यशालाहरू तथा ३८ अभियान प्रतिवेदनहरूबाट तथ्याङ्क संयोजन तथा सङ्कलन गर्नु हुने फातिमा रामिस प्रति हामी कृतज्ञता ज्ञापन गर्न चाहन्छौं। यो प्रतिवेदन पाउल बट्लर, डुल्स एसपेलोसिन, ग्याबोर फिजेस्की, कोनराड हाउप्टफ्लेइस्च, डा. एडम लेभिन, शियाङ ली, लिसा स्किन्डलर-मरे, फ्रेडेरिक स्टेप्के, तथा एरिएन स्टेइन्स-मेइरका सहयोगी सुझावहरूबाट लाभान्वित भयो।

# सम्पादन र डिजाईन

कलिा टिम्बरलेक (Kyla Timberlake)

# कार्यकारी सारांश

जैविक विविधताको लागि खेती-किसानी समाधान खोजी (Farming for Biodiversity Solution Search) प्रतियोगिता जैविक विविधताको संरक्षण तथा कृषि उत्पादनलाई मेल गराउन सामुदायिक समाधानहरु प्राप्त गर्नको निम्ति एउटा साहसिक परीक्षण थियो। एउटा जन-संकलित (crowd-sourced) प्रारूपको प्रयोग गरेर यस प्रतियोगिताले ८६ देशबाट ३३८ प्रस्तुतीकरण प्राप्त गर्‍यो। धेरै हदसम्म परीक्षण नगरिएको देखिँदै अनुसन्धान गरिएको सम्म, उहाँहरूको समाधानहरू त्यस्ता आशाजनक अभ्यासहरू लागु गर्ने विषयमा केन्द्रित थियो जुन कृषि समुदायहरू तथा उहाँहरूले आफ्नो घर भन्ने वातावरणहरूलाई लाभ प्रदान गर्ने बारेमा सम्बन्धित थिए। ती पहुँच तथा उपलब्धिहरूले त्यस्ता व्यापक धारणाहरूलाई बल दिन्थ्यो जसले खेती-किसानी तथा जैविक विविधिता परस्पर अनन्य रुपमा रहेको नभई, बरू आत्म-प्रबलित हुन सक्ने र हुनै पर्ने स्थितिरिहनु पर्दछ भन्ने मान्यता राख्छन्। यस अतिरिक्त, उहाँहरूले ठोस तरिकाहरू पनि देखाउनु भयो जसमा विश्वव्यापी रुपमा साना परियोजनाहरूले दिगो विकासको अन्तर्राष्ट्रिय लक्ष्यहरू तथा मार्गदर्शनहरूलाई वास्तविक अभ्यासमा रुपान्तर गर्ने कार्य गरिरहेका छन्।

२०१७ मा भएको प्रतियोगिता देखि, विश्वको जैविक विविधिताको संरक्षणको महत्व बारेमा जागरुकता बढेको छ, तथा पर्यावरण-मैत्री पहुँचहरूमा वृद्धि हुँदैछ, दुवै खाद्यको उत्पादन कसरी गर्दै छौं भन्ने तथा कसरी उपयोग गर्दै छौं भन्ने तरिकाहरूमा। थप प्रमाणहरू पनि प्रकाशमा आएका छन् जसले प्राकृतिक संसाधनहरूको संरक्षणको आर्थिक तात्पर्य पनि रहेको छ भन्ने बहसलाई बल पुर्‍याएको छ, जसमा हरेक एक डलरको लगानीले नौं डलरको आर्थिक लाभ निकालेको छ।

यद्यपि, यी सम्भावित लाभहरूको फल प्राप्त गर्न, मूल्यवान जैविक प्रणाली तथा तिनिका जैविक विविधिताको संरक्षणको लगानी तथा सहायता समुदाय स्तरमा पुग्न अनिवार्य रहेको छ। तिनिलाई यसरी निर्माण गर्नि पर्दछ कि त्यस्ता साना-स्तरका किसान समुदायहरूको कार्यहरूको पहिचानलाई हाम्रो विश्वव्यापी समुदायहरूमा ठूला-स्तरका रणनीतिहरू सरह नै महत्वपूर्ण रहेको मान्यता दिनु पर्दछ र स्थानीय-स्तरका समर्थकहरूलाई आफ्ना समाधानहरूलाई दोहोर्‍याउन तथा ठूलो स्तरमा पुर्‍याउन साधनहरू प्रदान गर्नु पर्दछ।

जैविक विविधिताको लागि खेती-किसानी समाधान खोजी (Farming for Biodiversity Solution Search) प्रतियोगिताले समुदाय-स्तरका समाधानहरूमा साना लगानीले पनि कसरी उल्लेखनीय प्रतिफल ल्याउन सक्छ भन्ने प्रदर्शन गरेको छ, जुन कुरा सहभागीहरू तथा तिनिका कार्यक्रममा मात्रै सीमित नभएर अझ व्यापक पनि देखिएको छ। प्रतियोगिताका नौं अग्र स्थानका परियोजनाहरूलाई संरक्षणको लागि अभियान (Campaigning for Conservation - C4C) कार्यशालाहरूको आयोजना गर्न छनौट गरिएको थियो, जसमा १२ देशका ३८ संस्थाहरूको प्रतिनिधित्व गर्ने सहभागीहरू आएका थिए। ती कार्यशालाहरूले दुर्लभ C4C तरिकाको संयोजन गरेको थियो, जसले सहभागीहरूलाई कसरी गैर-दिगो अभ्यासहरूलाई परिवर्तन गर्ने किसिमिका कुनै सामाजिक बजारीकरण अभियान डिजाइन तथा लागु गर्ने भन्ने कुरा सकिाउँछ, जसमा आइफोम अर्ग्यानिक्स इन्टर्नेशनल (IFOAM Organics International)को नेतृत्वमा अर्ग्यानिक कृषिको तरिकाहरू तथा बजारीकरणबारे तालिमि समावेश रहेको छ।

यस C4C अनुभव तथा अभियानहरू २२७ प्रशिक्षार्थीहरू, ४३,००० लक्षित दर्शक सदस्य, तथा ५७०,००० भन्दा बढी वृहत समुदायका सदस्यहरूमा पुग्न सकेको थियो। यसको परिणाम-स्वरूप सहभागीहरूमा नयाँ दक्षताको शस्त्र भण्डार सहित थप आत्म-प्रभावकारिता आयो, जसले परिवर्तन आन्दोलन नेताहरूको नयाँ दस्ताको निर्माण गर्नेछ। यसको तरंग प्रभावले अझ राम्रो भूमि व्यिवस्थापन तथा स्वस्थ जैविक प्रणाली मात्र ल्याएन। यसले अझ वृहत सामुदायिक संलग्नता, महिलाहरू तथा युवाहरूको थप समावेशीकरण, अझ सुदृढ सामाजिक एकता, जीविका तथा जीविका विकिल्पिहरूमा सुधार, तथा मूलवासी मानिसहरू तथा संसाधनहरूको नवीकृत मूल्याङ्कन जस्ता परिणामहरू पनि ल्यायो।

C4C तालिमिको प्रभावकारिताको मूल पाटो यसको व्यवहार विज्ञानमा बसेको जग र जैविक विविधिता प्रतिको खतरा तथा तिनिलाई कम गर्ने समाधानहरूको मुटुमा मानवीय व्यवहारहरू नै रहेको भन्ने पहिचान हो। यी कार्यशालाहरूको औजार तथा उत्पादनहरू मानव व्यवहारहरूलाई असर गर्ने सामाजिक सम्बन्धहरू तथा असरहरू भित्र काम गर्दछन्, र परिवर्तन ल्याउन उत्प्रेरित गर्ने, त्यसलाई सहज बनाउने, तथा नयाँ विकल्पको छनौटको रुपमा त्यसलाई स्थापना गर्ने तरिकाहरूलाई प्रदान गर्दछन्।

वृहत स्तरमा लैजाँदा, खेती-किसानी उत्पादन तथा जैविक विविधिता संरक्षणका व्यवहार परिवर्तनहरू तथा समुदाय-आधारित समाधानहरूले अत्यन्त ठूलो फरक ल्याउन सक्छ। तिनिले खाद्य तथा भूमि प्रयोग प्रणालीमा आमूल परिवर्तनको सुरुवात गराउन सक्छन् जसले ग्रामीण अर्थतन्त्रहरूलाई थप सुदृढ बनाउन सक्छन्, जसबाट ती थप समावेशी तथा खाद्य सुरक्षित बन्न सक्ने छन् र साथसाथै यसले हाम्रो संसारलाई यसको वृहत दिगो विकास लक्ष्यहरू, २०२० पश्चातका संयुक्त राष्ट्रसंघ विश्वव्यापी जैविक विविधिता ढाँचा तथा जलवायु सम्झौता लक्ष्यहरूको थप नजिक बनाउँदछ।

यस प्रतिवेदनका पृष्ठहरूले कसरी साना समुदाय-आधारित तथा नेतृत्व भएका अभियानहरूले खेती-किसानी तथा जैविक विविधिताका मार्गहरूलाई मेल गराउनको निम्ति हाम्रो मानवीय सम्बन्धहरूको तथा उनीहरुको व्यवहारिक परिवर्तन विज्ञानका पाठहरूको लाभ र साथै हाम्रो लाभको लागि उठाउँदै छन् भन्ने कुराको वर्णन गर्दछ। यिनीहरूले तलबाट-माथिका समाधानका प्रभाव, तथा स्थानीय कार्य र विश्वव्यापी लक्ष्यहरूका महत्वपूर्ण तालमेलहरूको प्रदर्शन गर्दछन्। यिनीहरूले कसरी विविध सरोकारवालाहरूलाई-जसमा उच्च-तहका दाताहरू तथा नीति निर्माताहरू देखि व्यिवसायहरू, लगानीकर्ताहरू, अनुसन्धानकर्ताहरू, उपभोक्ताहरू, तथा समुदायहरू सम्म आँफैले - साना-तहका समाधानहरूलाई सहायता दिनि सक्छन्, तथा तिनिहरूका वृहत-तहका सम्भाव्यताहरूका बारेमा आशा तथा मूर्त सुझावहरू प्रदान गर्दछ।



Supported by:

Federal Ministry
for the Environment, Nature Conservation
and Nuclear Safety

based on a decision of the German Bundestag

Convention on
Biological Diversity

फोटो क्रेडिट: दुर्लभको लागि जेसन हस्टन